आज मिति २०७६ साल पौष ७ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | अनुपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं. (१) नगर सभा सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. (२) मध्यकालिन योजना तर्जुमा सम्बन्धमा ।
प्रस्ताव नं. (३) ५० शैयाको अस्पताल निर्माणको लागि आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।
प्रस्ताव नं. (४) अमिन/सर्वेक्षक काजमा झिकाउन अनुरोध गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं. (५) सवारी चालक काम काजमा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं. (६) मेयरकप छात्र फुटवल तथा उप-मेयरकप छात्रा भलिवल प्रतियोगिता सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. (७) म्याराथुन दौड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. (८) ग्रामीण पर्यटन प्रवर्द्धन सम्बन्धमा ।
प्रस्ताव नं. (९) यात्रा बिमा सम्बन्धमा ।
प्रस्ताव नं. (१०) अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. (११) सटर भाडामा दिने सम्बन्धमा ।
प्रस्ताव नं. (१२) परिवार योजना कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. (१३) विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. (१४) शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं. (१५) दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. (१६) योजना संशोधन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आगामी २०७६ साल माघ २४ र २५ गते दुई दिन यस नगरपालिकाको ३२ औं नगर सभा बस्ने गरी कार्यक्रम तय गर्ने निर्णय गरियो । साथै उक्त नगरसभामा विषयगत समितिहरुलाई प्रतिवेदन प्रस्तुत गर्ने निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकिकृत शहरी विकास योजना (IUDP) ले निर्दिष्ट गरेको विकासका सम्पूर्ण क्षेत्र र प्रमुख अग्रणी क्षेत्रको रुपमा प्राथमिकतामा परेका मुख्य क्षेत्रहरु समेतलाई संबोधन हुने गरी ३ बर्षे अवधीमा सम्पन्न हुन सक्ने प्रकृति र लागतका योजनाहरु पहिचान गरी मध्यकालिन योजना तर्जुमाको खाँका तयार गरी आगामी नगर सभामा स्वीकृतीका लागि पेश गर्न नगर योजना तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको दमौली अस्पतालमा डायलासिस सेवा लगायत अन्य अत्यावश्यक सेवाहरु सहितको अत्याधुनिक सुविधा सम्पन्न ५० शैया क्षमताको अस्पताल निर्माण गर्नको लागि बजेट व्यवस्था गरिदिन आयोजना प्रस्ताव तयार गरी गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा स्वीकृतीका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकिकृत जग्गा विकास परियोजनामा हाल रहेको सर्भेयर टेक्निकल सम्बन्धी मौजुदा जनशक्तिले मात्र लक्ष्य अनुसारको कार्य सम्पादन गर्न कठिनाई परेको हुँदा नापी कार्यालय, तनहुँबाट एक जना अमिन हाललाई ३ महिनाको लागि काजमा पठाईदिन अनुरोध गरी पठाउने साथै काजमा आउने जनशक्तिलाई निजले खाईपाई आएको शुरु तलव स्केलमा ५०% मा नबढ्ने गरी (कामको प्रकृति र कार्यबोझका आधारमा) फिल्ड भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा रहेका ट्रिपर सञ्चालन र सक्सन ट्याङ्क तथा अन्य सरसफाई सम्बन्धी उपकरणहरुको नियमित तथा प्रभावकारी सञ्चालनको लागि मौजुदा जनशक्तिले मात्र कठिनाई पर्न गएको हुँदा मासिक १५,०००।- (पन्ध्र हजार) का दरले पारिश्रमिक उपलव्ध गराउने गरी २ जना सवारी चालकलाई मासिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्रका माध्यमिक तहका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सहभागिता रहने गरी अन्तर मा.वि. मेयरकप छात्र फुटवल प्रतियोगिता र अन्तर मा.वि. उपमेयरकप छात्रा भलिवल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो । साथै सो को लागि विनियोजित बजेटको सिमाभित्र रही आवश्यक तयारी गर्न युवा तथा खेलकूद विकास समितिको निर्णय सहित कार्यक्रम अगाडी बढाउन नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.७:</u>** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आगामी माघ १६ गते तेस्रो व्यास नगर खुला पुरुष अल्ट्रा म्याराथुन दौड प्रतियोगिता, २०७६ र आगामी फाल्गुण २५ गते प्रथम व्यास नगर खुला महिला अल्ट्रा हाफ म्याराथुन प्रतियोगिता २०७६, सञ्चालन गर्न आवश्यक गृहकार्य सहित आवश्यक व्यवस्थापन गर्न युवा तथा खेलकूद विकास समितिलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त कार्यमा खेलकूद विकास समितिलाई सहजीकरण गर्न प्रवक्ता श्री मोहन कुमार श्रेष्ठको संयोजकत्वमा श्री विमल गिरी र श्री सन्तोष गोदारलाई जिम्मेवारी तोक्ने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.८:</u>** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नगरस्तरीय पर्यटन समितिबाट सिफारिस भई आए अनुसार ग्रामीण पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न आयोजना तथा मूल्याङ्कनको आधारमा यस आर्थिक बर्षमा देहाय बमोजिमका पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(क) अतिथी सत्कार तथा होमस्टे व्यवस्थापन तालिमका लागि होमस्टे गाउँ छनौट गर्ने सम्बन्धमा **कालिडाँडा सामुदायिक होमस्टे** व्यास- १० र **देवस्थल सामुदायिक होमस्टे** व्यास-११, तनहुँसुरलाई छनौट गर्ने ।

(ख) पूर्ण सरसफाई कार्यक्रम (आँगनमा ढुङ्गा बिच्छाउने, शौचालय तथा बाथरुम सुधार, पैदल बाटो स्तरीयकरण) सम्बन्धमा जौबारी सामुदायिक होमस्टेलाई रू.५,००,०००।- (पाँच लाख रुपैंया) र आँपश्वाँरा सामुदायिक होमस्टेलाई रू.५,००,०००।- (पाँच लाख रुपैंया) विनियोजन गर्ने ।

(ग) होमस्टे पूर्वाधार सहयोग कार्यक्रम (कोठा निर्माण तथा बाथरुम निर्माण) कार्यक्रम सम्बन्धमा आँपश्वाँरा सामुदायिक होमस्टेका लागि रू.२,००,०००।- (दुई लाख रुपैंया), कालिडाँडा सामुदायिक होमस्टेका लागि रू.१०,००,०००।- (दश लाख रुपैंया) र देवस्थल सामुदायिक होमस्टे- व्यास ११, तनहुँसुरलाई रू.८,००,०००।- (आठ लाख रुपैंया) विनियोजन गर्ने ।

**<u>निर्णय नं.९:</u>** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा प्रचलित कानूनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरुको यात्रा बिमा गराउने कार्यका लागि प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१०:</u>** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.११ मा सञ्चालित Aglime & Minerals Pvt.Ltd का कृषि चुन उद्योगका कारण स्थानीय पर्यावरणमा प्रतिकुल प्रभाव पर्न गएको जनगुनासो आएको परिप्रेक्ष्यमा उल्लेखित उद्योग आसपास क्षेत्रमा उद्योगबाट व्यक्ति तथा पर्यावरणमा परिरहेको वातावरणीय प्रभाव र संभावित प्रदुषणको सम्बन्धमा बृहत रुपमा अध्ययन तथा अनुगमन गरी प्रतिवेदन पेश गर्न वडा अध्यक्ष श्री निर बहादुर खड्काको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री निर बहादुर खड्का – संयोजक
२. श्री वैकुण्ठ मिश्र – सदस्य, उद्योग वाणिज्य संघ प्रतिनिधि
३. श्री हरि बहादुर खड्का – सदस्य
४. श्री विधायक भट्टराई – सदस्य
५. श्री भरत बहादुर घर्ती – सदस्य
६. श्री तेज बहादुर गोदार – सदस्य, उद्योग प्रतिनिधि
७. शा.अ. श्री विमल गिरी – सदस्य

८. जु.ई. श्री विनोद गौतम – सदस्य
९. व.ई.डा. राजु पौडेल – सदस्य-सचिव

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको कार्यालय परिसरको पूर्व तर्फको भवनको माथिल्लो तलामा श्री युनाईटेड केवल नेटवर्क प्रा.लि.ले विधिवत रुपमा यस नगरपालिकासँग भाडामा लिएको सटरहरु मध्ये एउटा सटरमा युनाईटेड केवल नेटवर्कसँग आन्तरिक सम्झौता गरी युनाईटेड रेमिट एण्ड मनिट्रान्सफर नामक वित्तिय संस्था सञ्चालन गर्दै आएका संस्थाका प्रोप्राइटर श्री माधव प्रसाद अधिकारीले सँगै जोडिएको हाल खाली रहेको यस नगरपालिकाको सटर भाडामा पाउँ भनि निवेदन पेश गरेको हुँदा १ वटा सटर मासिक रू.१२,०००।- (बाह्र हजार रुपैंया) भाडा लिने गरी भाडा दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विभिन्न वडामा विशेष गरी ग्रामीण क्षेत्रमा बसोवास गरी परिवार नियोजनको सहज पहुँचबाट बञ्चित हुन पुगेका पिछडिएका वर्ग तथा समुदायका व्यक्तिहरुको परिवार नियोजन सम्बन्धी सूचना/प्रविधी/साधन र सो को उपलव्धतामा सहज पहुँच पुऱ्याउन घरदैलो (Door to Door) सम्म पुगी सेवा प्रदान गर्ने कार्यका लागि यस नगरपालिकालाई चालु आ.व. मा सर्शत अनुदान तर्फ प्राप्त बजेटबाट तलव तथा अन्य सुविधा उपलव्ध गराउने गरी साथै अनुदान प्राप्त नहुँदका बखत स्वतः खारेज हुने गरी सो सम्बन्धी अनुभव प्राप्त व्यास-५, निवासी निर्मला खनाल वाग्लेलाई मासिक ज्याला उपलव्ध गराउने गरी Roving ANM को रुपमा कामकाजमा लगाई परिवार योजना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभुत एवं आवश्यकता प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. क) | सम्पूर्ण वडा कार्यालयहरुमा भऱ्याङ्ग खरिद | | २,१०,०००। | विविध फुटकर |
| ख) | सम्पूर्ण वडा कार्यालयहरुमा विद्युतीय हिटर खरिद | | ४२,०००। | |
| २. | एकता ई-लाईब्रेरी भलिवल प्रतियोगीता | ८ | १,८०,०००। | खेलकूद |
| ३. | तनहुँ ख्रिष्टीयन समाज | | २०,०००। | |
| ४. | तमु ल्होसार पर्व व्यवस्थापन खर्च | ७ | २५,०००। | |
| ५. | तमु ल्होसार जिल्ला स्थित कार्यक्रम व्यवस्थापन | ३ | ५०,०००। | |
| ६. | स्व.वि.यू. आर्थिक सहयोग (आदिकवी) | १ | ३०,०००। | |
| ७. | नवजागरण टोल गमला व्यवस्थापन | २ | १,००,०००। | ४.१.१६ |
| ८. | शहिद चन्द्र नेपाली छात्रावास बगैंचा निर्माण | १ | १,००,०००। | ४.१.१६ |
| ९. | सवारी चालक अधिवेशन सहयोग | | २५,०००। | |
| १०. | मुस्लिम समुदाय धार्मिक शिक्षा सहयोग वापत दर्ता भएको धार्मिक संस्थालाई प्रति संस्था ८३,०००।- मा नबढाई (बढीमा ६ विद्यालय)) | ६,४ | ५,००,०००। | ४.१.६७ |
| ११. | सुदेश सत्याल, व्यास गुफा अनुसन्धान | ३ | २,५०,०००। | ४.१.४४ |
| १२. | देउराली आफ्रेपानी खा.पा. योजना पाइप र मोटर खरिद | १२ | ९८,८३७। | |
| १३. | मेवाबारी आमा समूह ल्होसार पर्व | ९ | १५,०००। | |
| १४. | सिर्जनशिल दिदीबहिनी समूह, गर्भासय श्राव परिक्षण | ४ | ६०,०००। | |
| १५. | कालिका पुस्तकालय, पुस्तक खरिद | ८ | ४०,०००। | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा तपसिल बमोजिमको तह र श्रेणीका शिक्षकहरुलाई देहाय बमोजिम हुने गरी सरुवा गर्ने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम, थर | कार्यरत विद्यालयको नाम | सरुवा भएको विद्यालय | तह र श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री किशोर बास्तोला | चण्डिका आ.वि. व्यास ११ | श्री शिव मा.वि. व्यास १० | नि.मा.वि. गणित राहत | २०७६।९।८ |
| २. | श्री संगिता जि.सी. भट्टराई | अमरसिंह मा.वि. व्यास ११ | श्री चण्डिका आ.वि. व्यास ११ | प्राथमिक तह तृतीय | २०७६।९।९ |
| ३. | श्री समर बहादुर मास्की | सूर्योदय प्रा.वि. व्यास ११ | श्री अमरसिंह मा.वि. व्यास ११ | प्राथमिक तह तृतीय | २०७६।९।९ |
| ४. | श्री अर्जुन अधिकारी ( काज सरुवा) | माहेन्द्री मा.वि.व्यास ९ | श्री सत्यवती मा.वि. व्यास २ | मा.वि. तृतीय श्रेणी गणित | २०७६३।९।९ |
| ५. | श्री प्रकाश काफ्ले | प्र.अ. नियुक्ती | माहेन्द्री मा.वि. व्यास ९ | वि.व्य.स.को निर्णय | २०७६।९।९ |
| ६. | श्री रामजी तिमिल्सीना | प्र.अ. नियुक्ती | अमरज्योती मा.वि.व्यास १० | वि.व्य.स.को निर्णय | २०७६।९।९ |
| ७. | श्री बावुराज वाग्ले | प्र.अ. नियुक्ती | अमरसिंह मा.वि. व्यास ११ | वि.व्य.स.को निर्णय | २०७६।९।९ |
| ८. | श्री सुनिता रानाभाट | क्यामिनकोट मा.वि., व्यास ७ | क्यामिन नि.मा.वि. व्यास ७ | नि.मा.वि. विज्ञान | २०७६।९।१६ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुको लागि आवश्यक सडक बत्ती खरिद (ठेक्का नं.१६/MUN/०७६।०७७) योजनाको लागि नगरपालिका कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर बाहेक) रु.६,३२,९२५। मा सबैभन्दा बढी ३०.३६ प्रतिशत अंक घटी दरभाउपत्र दर्ता गराउने श्री ढुंगाना इलोक्ट्रिकल्स सप्लायर्स व्यास ४ दमौली तनहुँले कवोल गरेको (मु.अ.कर बाहेक) रु.४,४०,७६० अंकको न्यूनतम मूल्यांकन दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी उक्त दरभाउपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले उक्त दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित तपसिल बमोजिमका योजनाहरुको लागि वडा स्तरीय बजेटबाट प्रति योजना रु.५,००,०००। का दरले नगर सभाबाट बजेट स्वीकृत भएकोमा उक्त बजेटले योजना अधुरो रहने देखिएकोले सोही वडाको क्रमागत बजेट अन्तर्गत प्रशासन चोकबाट वन कार्यालय सम्मको सडक चौडा र कालोपत्रे योजनाको लागि विनियोजित बजेटबाट खर्च गर्ने र अगामी नगरसभामा अनूमोदनको लागि पेश गर्ने गरी तपशिल बमोजिमको रकम थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | थप विनियोजित रकम |
|---|---|---|
| १. | सत्यवती टोल मोड सुधारको लागि नयाँ नाला निर्माण | १,४२,०००। |
| २. | भरत श्रेष्ठको घर अगाडिदेखि पूर्व हरि अधिकारीको घरसम्मको वशिष्ट मार्गको नाला निर्माण | १,०५,०००। |